नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

पत्र संख्याः ०८३।८४ (बोध)
चलानी नं. ९

मिति २०८३।४।६

विषयः भूमि प्रशासन तर्फको राजस्व सङ्कलन सम्बन्धमा।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरू,
सबै।

साविक भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयको च.नं. ६०१ मिति २०८३।१।३ को पत्रवाट भूमि व्यवस्थापन सेवा स्थानीय तहमा हस्तान्तरण हुदै जाने क्रममा रहेको व्यहोरा जानकारी हुन आएको छ। यसरी सेवा हस्तान्तरण भएका स्थानीय तहहरूमा जग्गा कारोबारबाट सङ्कलन हुने सङ्घीय तथा स्थानीय राजस्व व्यवस्थापनलाई सहज र व्यवस्थित बनाउन सम्बन्धित स्थानीय तहको राजस्व सङ्कलन गरिरहेको बैंकमार्फत नै कार्य सम्पादन गराउनुपर्ने भएकाले तपसिल बमोजिमको व्यवस्था मिलाउनुहुन निर्देशानुसार अनुरोध छ।

तपसिल

१. भूमि व्यवस्थापन सेवा हस्तान्तरण भएका स्थानीय तहमा संघीय सरकारको राजस्वमा दाखिला हुने पुँजीगत लाभ कर लगायतका कर/शुल्क/दस्तुरहरु दाखिला गर्ने प्रयोजनका लागि स्थानीय तहको राजस्व सङ्कलन गर्न स्वीकृती प्राप्त बैंकलाई सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयको RMIS प्रणालीमा थप/अद्यावधिक गरिदिने।

२. भूमि प्रशासनबाट सङ्कलन हुने राजस्व मध्ये सङ्घीय सरकारमा जम्मा हुने राजस्व (जस्तैः ११११३-पुँजीगत लाभ कर आदि) सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा दाखिला हुने व्यवस्था हुन । यसैगरी स्थानीय तहले सङ्कलन गरी बाँडफाँड गर्नुपर्ने राजस्व (जस्तैः ३३३४४-घरजग्गा रजिष्ट्रेशन शुल्क आदि) सम्बन्धित स्थानीय तहको विभाज्य कोषमा दाखिला हुने व्यवस्था हुन ।

३. स्थानीय तहको क्षेत्राधिकारको राजस्व SuTRA Rajaswa (सुत्रको राजस्व मोड्युल) मार्फत सङ्कलन गर्ने र सङ्घीय सरकारको नाममा जम्मा गर्नुपर्ने राजस्व RMIS (सङ्घीय सरकारको राजस्व सङ्कलन गर्ने प्रणाली) मार्फत सङ्कलन गर्ने गराउने व्यवस्था हुन।

(राजेन्द्र भट्टराई)
लेखा अधिकृत

बोधार्थ

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं; -सेवा हस्तान्तरण गर्दा सम्वन्धित को.ले.नि.का र बैंकलाई जानकारी प्रदान गर्नुहुन ।

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभाग, थापाथली:- स्थानीय तहको राजस्व संकलन गर्न स्थानीय तहमा सरकारी कारोवार गरिरहेका बैंकहरुलाई सम्वन्धित स्थानीय तहमा भूमि प्रशासनको सेवा हस्तान्तरण भै आएमा RMIS सञ्चालन गरी संघीय राजस्व संकलन गर्ने अनुमती प्रदान गरिदिनुहुन ।

श्री अन्तर सरकारी वित्त समन्वय शाखा, महालेखा नियन्त्रक कार्यालय ।